तिलागुफा नगरपालिका
तिलागुफा नगर कार्यपालिकाको कार्यालय
कालिकोट जिल्ला, कर्णाली प्रदेश

मिति : ०७६।०२।०२

## निर्णयहरु

**निर्णय नं.३२ : वित्तीय समानीकरण तर्फका बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा :** समानीकरण अनुदानबाट खर्च गर्ने गरी विनियोजन गरिएका नाग्मघाट जलविद्युत योजना निर्माण ७० लाख **र** ढाँडखोला जलविद्यूत योजना छाप्रे निर्माण ७० लाख आयोजनाहरुको काम मध्ये सिभिलवर्क तर्फको हकमा उपभोक्ता समितिसँग सम्झौता गर्ने तथा वाहिरबाट खरिद गर्नु पर्ने इलेक्ट्रिकल र मेकानिकल सामग्रीको हकमा नगरपालिकाले नै सार्वजनिक खरिद ऐन तथा तिलागुफा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ अनुसार खरिद प्रकृयाबाट सामान प्राप्त गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने ।

**निर्णय नं.३३ : महादेव मावि फोइकोटका लागि प्राप्त बजेट अनुमोदन र कार्यक्रम स्वीकृति सम्वन्धमा** नमूना विद्यालय निर्माणका लागि महादेव मावि फोइकोटका नाममा चालु आ.व.०७५।७६ मा प्राप्त शशर्त अनुदान रकम रु. १ करोड ५० लाख मध्ये ७२ लाखमा ८ कोठे कक्षा कोठा भवन, ३६ लाखमा ४ कोठे इसिडी ल्याव, ३३ लाख ६६ हजारमा शैक्षिक सुधार र व्यवस्थापकीय खर्च तर्फ. ८ लाख ३४ हजार खर्च गर्ने गरी गरिएको कार्यक्रम प्रस्ताव स्वीकृत गरी भौतिक निर्माण तर्फको काम उपभोक्ता समिति मार्फत अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं.३४** नगरपालिका तथा वडा कार्यालयबाट संचालन गरिने तालिम, गोष्ठि, सेमिनार, कार्यशाला खर्चको मापदण्ड २०७६ मा बुदा नं. (३) क मा सहभागि खाजा खर्च रु.१५० तथा बुँदा नं. ७ मा नगरपालिका क्षेत्र भित्र सहभागि भ्रमण खर्च रु. ३०० कायम गरी अन्य व्यहोरा पेश भए बमोजिम स्वीकृत गर्ने ।

**निर्णय नं.३५ :** चालू आ.व.मा शशर्त अनुदान र्त्क अर्थ मन्त्रालयले मिति ०७५।११।०७ मा लागत साझेदारीको ४० प्रतिशतले हुन आउने रकम रु.१८९३२००० को अख्तियारी पठाएकोमा विद्युत्त विकास विभागबाट समयमा टेक्निकल क्लियरेन्स नभएका कारण चालू आ.व.को बजेट खर्च नहुने अवस्थामा रुरु बन्चु फुलवारी लघु जलविद्युत्त आयोजनाको काम AEPC सँग समन्वय गरि तत्काल अघि बढाउने ।

निर्णय प्रमाणीकरण
उद्धबप्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत